# पाठशाला सफ्टवेयर मा GPS सुविधा थप सम्झौतापत्र

लिखितम्, जिल्ला काठमाण्डौ म.न.पा. वडा नं. ३१, बानेश्वर स्थित प्रधान कार्यालय रहेको **सफ्टल्याब ईंक प्रा.लि.** (यस पछि प्रथम पक्ष भनी सम्बोधन गरिएको) र ……………………………………………………………………

…………………………………………………………………………………………………………...

(यस पछि दोस्रो पक्ष भनी सम्बोधन गरिएको) का बिच यस सफ्टवेयर **पाठशाला** मा **GPS Vehicle Tracking** सुविधा थप सम्बन्धी तपसिलका बुँदाहरुको अधीनमा रहेर यो सम्झौतापत्रमा राजीखुसी साथ हस्ताक्षर गरी एक-एक प्रति बुझी लियौँ दियौँ ।

## परिभाषा शर्त तथा बन्देजहरु

**परिभाषाहरु**

**सफ्टवेयरको परिभाषा**

यस सम्झौता पत्रमा उल्लेख गरिएका शब्दहरु “सफ्टवेयर”, “यस सफ्टवेयर”, “प्रथम पक्षको सफ्टवेयर”, “पाठशाला सफ्टवेयर”, “यो सफ्टवेयर” ले प्रथम पक्षले निर्माण गरेको पाठशाला नाम गरेको सफ्टवेयर जसलाई एक शब्दमा पाठशाला भन्ने स्कुल तथा कलेज व्यवस्थापन गर्ने कम्प्यूटर सफ्टवेयर जनाउँदछ ।

**सेवा सुविधाको परिभाषा**

सेवा सुविधाको अर्थ पाठशाला सफ्टवेयरका थप कार्यक्रमहरु भनेर बुझिनेछ । सेवा सुविधा थप गर्नका लागी पहिले देखिनै पाठशाला सफ्टवेयर प्रयोग गर्दै आएको हुनु पर्दछ ।

**GPS Vehicle Tracking को परिभाषा**

GPS Vehicle Tracking भनेको स्कुल तथा कलेजमा विद्यार्थीहरुलाई आवत जावतका लागी प्रयोग हुने स्कुल कलेजकै सवारी साधनहरु जस्तै बस, भ्यान को स्थान तथा गति मापन गर्ने प्रविधि हो । यसका लागि सवारी साधनमा विशेष GPS मेशिन जडान गर्नु पर्दछ ।

**दफा नं. १**

---

**पाठशाला सफ्टवेयरको सम्झौतापत्र**

पाठशाला सफ्टवेयरमा सेवा सुविधा थप गर्न गरेको यस सम्झौतापत्रले पाठशाला सफ्टवेयरको सम्झौतापत्रलाई कुनै प्रकारले असर गर्ने छैन । यो सम्झौतापत्रले पाठशाला सफ्टवेयरमा सेवा सुविधा थप गरेको कार्यक्रमहरुमा मात्र लागु हुनेछ तर पाठशाला सफ्टवेयरको सम्झौतापत्र थप गरेको सेवा सुविधामा पनि लागु हुनेछ ।

## सेवा सुविधा थपको प्रयोग, मुल्य तथा सेवा शुल्क

यस सेवा सुविधा थप सम्बन्धमा लाईसेन्सको प्रयोग यसको मुल्य र सेवा शुल्क तपसिलका बुँदाहरुको अधिनमा रहेर हुनेछन् ।

| क्र.सं. | सेवा सुविधा | रकम | कैफियत |
|---|---|---|---|
| १. | **GPS Vehicle Tracking** | ५,०००/-<br>(पाँच हजार मात्र) | प्रति मेशिन प्रति वर्ष डाटा शुल्क । |
| २. | **GPS Vehicle Tracking Per Device Cost** | ५,०००/-<br>(पाँच हजार मात्र) | स्मार्ट कार्ड प्रिन्ट नगरेको खण्डमा । |

१. माथि उल्लेखित सबै रकमहरु मुल्य अभिबृद्धि कर बाहेकका हुन् ।

२. पाठशाला सफ्टवेयर कुनै कारणवस बन्द भएमा थप गरेको सम्पूर्ण सेवा सुविधाहरु स्वत बन्द हुनेछन् ।

३. **GPS** सुविधा प्रयोग नभएमा दोश्रो पक्षले सबै मेशिन प्रथम पक्षलाई फिर्ता गर्नुपर्नेछ ।

४. **GPS** मेशिन प्रथम पक्षले दोश्रो पक्षकोमा आएर जडान गर्दा दोश्रो पक्षले आवत जावत तथा खाने बस्ने खर्च बेहोर्नु पर्नेछ ।

५. **GPS** मेशिनको वारेन्टी १ वर्षको हुनेछ । मेशिन टुटफुट वा जलेमा र मेशिन नबनेको खण्डमा दोश्रो पक्षले नयाँ मेशिन खरिद गर्नुपर्नेछ ।

दुबै पक्षले यस सम्झौता पत्रलाई राम्रो संग अध्ययन गरी, बुझेर, मान्य हुने देखि राजि खुसी यस सम्झौता पत्रमा हस्ताक्षर गरी एक/अर्कालाई एक/एक प्रति बुझि लियौँ/दियौँ ।

**मिति ____________साल ____________ महिना ____________गते _________ रोज शुभम् ।**

**प्रथम पक्ष**          **दोश्रो पक्ष**

__________________      __________________
__________________      __________________
__________________      __________________

**साक्षिहरु**

__________________      __________________
__________________      __________________
__________________      __________________